Centre for the Study of Labour and Mobility

UNSW AUSTRALIA | Law

नीतिपत्र

जून २०१४ | नं. ४

# श्रम प्रवासनमा शोषण – बेचबिखन यसको मात्रा र नेपालमा सुधारको आवश्यकता

एलेनोर टेलर-निकल्सन, सारा पाओलेट्टी, बन्दिता सिजापती र बस्सिना फार्बेनब्लम*

## सारांश

विदेशमा गम्भीर दुर्व्यवहार, शोषण, बँधुवा र जबर्जस्ती काम गर्नुपरेको गुनासो नेपाली प्रवासी कामदारहरूले प्रत्येक वर्ष गरिरहेका छन् । केही घटनाहरू प्रस्थान गर्नुअघि भएका बलजफ्ती, धोखाधडी वा शक्तिको दुरूपयोगसँग सम्बन्धित छन् । यस्ता प्रवासी कामदारहरूलाई बेचबिखन पीडितका रूपमा लिन सकिन्छ । अहिले श्रम प्रवासनका दौरानमा बेचबिखनमा परेका व्यक्तिहरू नेपालको कानुन तथा यसको कार्यान्वयनमा समेटिन सकेका छैनन् – वैदेशिक रोजगारको संरचनाले निम्नस्तरका दुर्व्यवहारलाई समेटेको छ भने बेचबिखन सम्बन्धी संरचना चाहिं मुख्यतयाः यौन शोषण र वेश्यावृत्तिमा केन्द्रित छ । जोखिममा रहेका कामदारहरूको क्षतिपूर्तिमा पहुँच र संरक्षण हुनुका साथै दोषीलाई पनि जवाफदेही बनाउन कानुनी संरचना र यसको कार्यान्वयनमा सुधारको आवश्यकता छ ।**

## १. परिचय र पृष्ठभूमि

नेपाल एसियाका अन्य देशको तुलनामा प्रति व्यक्तिका हिसाबले सबैभन्दा बढी वैदेशिक रोजगारका लागि कामदार पठाउने देश हो । रेमिट्यान्सले देशको कुल गार्हस्थ उत्पादनको २५ प्रतिशत ओगटेको छ । मध्यपूर्व, अहिले नेपालीको सबैभन्दा लोकप्रिय गन्तव्य हो । सन् २०११ मा झन्डै सात लाख मानिसहरूले अस्थायी कामदारका रूपमा यस क्षेत्रमा काम गरेका थिए । यी प्रवासी कामदारहरूमा धेरैजसो पुरुषहरू छन् र उनीहरू उत्पादन तथा निर्माण उद्योगमा काम गरिरहेका छन् । नेपाली महिलाहरू पनि त्यस क्षेत्रमा गइरहेका छन् र अधिकांश घरेलु कामदारका रूपमा छन् । सन् २०१२ देखि ३० वर्षभन्दा मुनिका महिलाहरूलाई खाडी मुलुकमा काम गर्न जान प्रतिबन्ध लगाइए तापनि अनधिकृत रूपमा जाने क्रम रोकिएको छैन ।

विदेशमा काम गर्ने केही नेपालीले अति आवश्यक घरखर्च धानिरहेका छन् भने केहीले व्यक्तिगत रूपमा ठूलो मूल्य चुकाइरहेका छन् । खाडीका प्रवासी कामदारले ज्यालामा ठगी, बिदा नपाउने, असुरक्षित र अस्वस्थकर ठाउँमा काम गर्न बाध्य भएको गुनासो नियमित रूपमा गरिरहेका छन् । घरेलु मजदुरको रूपमा काम गर्ने महिलालाई प्रायःजसो एक्लै बस्न बाध्य बनाइन्छ र जीवन र कामको अवस्थामा उनीहरूको नियन्त्रण थोरै मात्र हुन्छ ।

अवैधानिक अवस्थाले गर्दा प्रवासी महिला कामदारहरूलाई मध्यपूर्वका पूरै क्षेत्र तथा ट्रान्जिटमा समेत अझ बढी दुर्व्यवहार खेप्न र शोषित हुने मात्रामा वृद्धि गरेको छ । केही प्रवासी महिला तथा पुरुष कामदारहरूले आफूलाई मानसिक तथा शारीरिक दुर्व्यवहारका साथै अन्य खालका श्रम शोषण जस्तो बलजफ्ती, ऋण बन्धक वा बेचबिखन गरेको बताएका छन् ।

कामदार बेचबिखन प्रस्थान गर्नुअघि भर्ना गर्ने समयबाटै सुरु भइसकेको हुन्छ । कामदारलाई अत्यधिक शुल्क तोकिएको हुन्छ फलतः उसले चर्को ब्याजदरमा ऋण लिनुपर्ने हुन्छ जसले गर्दा ऊ

* एलेनोर टेलर-निकल्सन स्वदेशमा प्रवासी कामदारको न्यायमा पहुँच परियोजनाकी अनुसन्धान निर्देशक हुन्, सारा पाओलेट्टी ट्रान्सनेसनल लिगल क्लिनिक, युनिभर्सिटी अफ पेन्सिलभानिया, ल स्कुलकी प्राध्यापक र निर्देशक हुन्, बन्दिता सिजापती सेन्टर फर द स्टडी अफ लेबर एन्ड मोबिलिटीकी अनुसन्धान निर्देशक र बस्सिना फार्बेनब्लम ह्युमन राइट्स क्लिनिक र माइग्रेन्ट एन्ड रिफ्युजी राइट्स परियोजना, अस्ट्रेलियन ह्युमन राइट्स सेन्टर, युनिभर्सिटी अफ न्यु साउथ वेल्स ल स्कुलकी वरिष्ठ प्राध्यापक र निर्देशक हुन् ।

** यो सारसंक्षेप सन् २०१४ को रिपोर्ट *स्वदेशमा प्रवासी कामदारको न्यायमा पहुँचः नेपाल*, सारा पाओलेट्टी, एलेनोर टेलर-निकल्सन, बन्दिता सिजापती, बस्सिना फार्बेनब्लम (सेन्टर फर द स्टडी अफ लेबर एन्ड मोबिलिटी र ओपन सोसाइटी फाउन्डेसन्स्, काठमाडौं २०१४) बाट लिइएको हो ।

यो नीतिपत्र मोहन विष्टद्वारा अनुवाद गरिएको हो ।

### मनीषको मुद्दा

मनीष सिकर्मीको काम गर्न कतार गएका थिए । उनलाई एजेन्टले मासिक ९०० रियाल तलब र अरू २०० रियाल खर्च पाइने बताएकी थिइन् (तर उनलाई १,००० रियाल र अन्य सुविधा पाउने भनिएको करारपत्रमा हस्ताक्षर गर्न लगाइन्) । उनी कतार गए तर त्यहाँ उनलाई मासिक ७०० रियाल पाइने भन्ने बेहोरा लेखिएको अर्को करारपत्रमा हस्ताक्षर गर्न भनियो । मनीष र ऊसँगै गएका सबै नयाँ कामदारहरूले पहिला त त्यसो गर्न मानेनन् तर एजेन्सीले होटलको एउटा कोठामा थुनेर खाना र पानी पनि नदिएपछि उनीहरू नयाँ करारपत्रमा हस्ताक्षर गर्न सहमत भए । करारपत्रमा हस्ताक्षर गरेपछि मनीषलाई अर्को ठगी गरियो । उनले सिकर्मी नभएर मजदुरको काम गर्नुपर्ने भयो । उनले ठेक्काको कामदारका रूपमा एक ठाउँबाट अर्को ठाउँ गइरहनुपर्ने भयो । केही महिनापछि उनी बिरामी भए । उनलाई उपचार गर्न त परै जाओस् काम गर्न नसकेको हप्ताको तलब पनि दिइएन । उनी धेरै दुःखी भए र विभिन्न अवसरमा उनले आफ्नो काफिल (स्पन्सर) लाई घर फर्काइदे भनेर धेरै पटक भने तर उसले मानेन । पछि आफ्नी आमा र पत्नी बिरामी छन् भनेपछि मात्र रोजगारदाताले उनलाई नेपाल फर्कन दियो ।

काठमाडौं आउने बित्तिकै मनीष वैदेशिक रोजगार विभागमा उजुरी दर्ता गर्न गए । उनले जालसाजी र जबर्जस्ती काममा लगाएको भन्ने अभियोग लगाए तापनि उनले सल्लाहाका लागि राखेको वकिल, विभाग र एजेन्टलाई गिरफ्तार गर्ने पुलिस सबैले वैदेशिक रोजगार ऐन २०६४ को जालसाजी अन्तर्गत मात्र अभियोग लगाउन भने र मानव बेचबिखन वा अवैधानिक ओसारपसारमा अभियोग लागेन । उनको कानुनी उपचार लिने वा जवाफदेही बनाउने प्रयास असफल भयो ।

र उसको परिवार आर्थिक रूपमा असुरक्षित हुन पुग्छन् । प्रस्थान वा ट्रान्जिटमा ढिलासुस्ती वा ट्रान्जिटमै छाडिइने वा गन्तव्य देशमा पुग्ने बित्तिकै छाडिइने कारणले उनीहरूको आर्थिक जोखिमता अझ बढ्छ । वैदेशिक रोजगारीको प्रकृतिका बारेमा लोभलाग्दो तर गलत सूचना दिने गर्नाले पनि कामदारहरू ऋणमा डुबेका छन् । स्वदेशमा भनिएको भन्दा फरक काम गर्नुपर्ने वा भनिएको भन्दा कम तलबमा काम गर्नुपर्ने थाहा पाएपछि आफू फसिएछ भन्ने थाहा हुन्छ । अनि जे जस्तो अवस्था र खतरा मोल्नुपर्ने भए तापनि काम गर्न सहमत हुनै पर्छ किनभने उनीहरूले ऋण चुक्ता त गर्नै पर्छ ।

सन् २०१२ र २०१४ मा नेपाल, अस्ट्रेलिया र अमेरिकाका अनुसन्धानकर्ताहरूले प्रवासी कामदारको स्वदेशमा विभिन्न खालका नियमित र गम्भीर खालका हानि-नोक्सानी हुँदा न्यायमा के कस्तो पहुँच छ भन्ने अध्ययन गरेका थिए । यसमा शोषण र बेचबिखन समेत समावेश गरिएको थियो । न्यायको परिभाषामा क्षतिपूर्ति र दोषीलाई जवाफदेही बनाउनका साथै जरिवाना, इजाजत निलम्बन वा कैदसम्म गर्ने व्यवस्था छ । अध्ययनले न्यायमा विशेष गरी प्रवासी कामदार (जो श्रम बेचबिखनबाट बचेका छन्) को पहुँच अत्यन्त कम भएको पाए तापनि सुधारका लागि प्रशस्त ठाउँ रहेको स्पष्ट गरेको थियो । अध्ययनको पूर्ण परिणाम र सिफारिसहरू *स्वदेशमा प्रवासी कामदारको न्यायमा पहुँचः नेपाल* नामक रिपोर्टमा छ ।

## २. न्यायमा पहुँच अध्ययनको विधि र निष्कर्ष

प्रवासी कामदारको न्यायमा पहुँच अध्ययन सन् २०१२ र २०१४ मा डेस्क रिसर्च र स्थलगत भ्रमण गरी गरिएको थियो । यसमा ५४ जना प्रवासी कामदारसँग अन्तर्वार्ता र लक्षित समूह छलफल गरिएको थियो । उनीहरूसँग विवाद समाधान गर्ने संयन्त्रका बारेमा सचेतना भए नभएको बारेमा बुझिएको थियो । यस बाहेक अनुसन्धानकर्ताहरूले नेपालको वैदेशिक रोजगार नीतिको खाकालाई पुनरावलोकन गर्दै सरकार, नागरिक समाज, युनियन र कामदार पठाउने कम्पनीका प्रतिनिधिहरूसँग अन्तर्वार्ता लिएका थिए । अनुसन्धान टोलीलाई वैदेशिक रोजगार विभागले हेरिरहेका २०२ वटा मुद्दाहरू र वैदेशिक रोजगार न्यायाधीकरणले हेरेका १२ वटा मुद्दाहरूमा पहुँच थियो । सबै स्रोतहरूले न्यायका विभिन्न संयन्त्रहरूका बारेमा भएका चेतना र दृष्टिकोणका बारेमा सूचना उपलब्ध गराउनुका साथै भएका काम र उपलब्धिका बारेमा जानकारी दिएका थिए ।

श्रम शोषण र दुर्व्यवहारका सन्दर्भमा अध्ययनले निम्न कुरा फेला पारेको थियोः

**कामका लागि विदेश जाँदा हुने गम्भीर हानि र शोषण, ऋण दासता र शारीरिक वा भावनात्मक दुर्व्यवहारलाई वैदेशिक रोजगार ऐन २०६४ ले राम्ररी सम्बोधन गरेको छैन ।**

कामदार ट्रान्जिटमा वा गन्तव्य देशमा गम्भीर रूपमा शोषित भएमा के गर्ने भन्ने वैदेशिक रोजगार ऐन २०६४ मा उल्लेख गरिएको छैन । यदि नेपालमा भनिएको भन्दा बेग्लै खालको नियम र सर्त भएको पाइएमा वा कामदार पठाउने कम्पनी वा एजेन्टले जालसाजी गरेमा कामदारले क्षतिपूर्ति माग गर्न सक्ने कुरा भने ऐनमा उल्लेख छ । यद्यपि यसको व्यावहारिक अभ्यास तलब र सुविधामा भएको भिन्नतामा केन्द्रित छ र यसलाई

## मानव बेचबिखन र बाध्यात्मक श्रमका बारेमा अन्तर्राष्ट्रिय कानुन

बाध्यात्मक श्रम र मानव बेचबिखन अन्तर्राष्ट्रिय कानुन अनुसार अन्तरदेशीय र संगठित अपराध हो । बेचबिखन विरूद्धको मुख्य कानुनी दस्तावेज भनेको संयुक्त राष्ट्रसंघको युएन प्रोटोकल टु प्रिभेन्ट, सप्रेस एन्ड पनिस ट्राफिकिङ इन पर्सन्स, स्पेसली विमेन एन्ड चिल्ड्रेन (२०००) ('टीआईपी प्रोटोकल') हो । अन्य केही महासन्धिहरूले पनि दासता र बाध्यात्मक श्रमलाई प्रतिबन्ध गरेको छ । नेपालले भने टीआईपी प्रोटोकल वा संयुक्त राष्ट्रसंघको सबै प्रवासी कामदार र उनीहरूको परिवारलाई संरक्षण गर्ने महासन्धि (१९९०) लाई अनुमोदन गरेको छैन । यद्यपि नेपालले संयुक्त राष्ट्रसंघद्वारा जारी धेरैजसो सन्धि र अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) का ११ वटा महासभालाई अनुमोदन गरेको छ । यी कारणहरूले गर्दा प्रवासी कामदारले दुर्व्यवहार र अधिकार हनन हुँदा पनि अदालतसम्म पुग्न सकेका छैनन् ।

निम्नस्तरको गुनासो र विभागले समाधान गर्न सक्नेका रूपमा लिइन्छ। ऐनमा दुर्व्यवहार र शोषणलाई हेर्ने जिम्मा वैदेशिक रोजगार न्यायाधीकरण (यसपछि न्यायाधीकरण भनिएको) लाई दिइएको छैन। यसको काम मुख्यतयाः श्रम प्रवासन प्रणालीमा हुने जालसाजी सम्बन्धी छ। एजेन्ट, कामदार पठाउने कम्पनी वा रोजगारदाताबाट गम्भीर खालका दुर्व्यवहार र शोषण हुँदा क्षतिपूर्ति दिनुपर्ने कुरा ऐनमा उल्लेख छैन।

वैदेशिक रोजगार कल्याणकारी कोष र निजी बिमा कम्पनीहरूले कामदारको मृत्यु वा अंगभंग भएमा क्षतिपूर्ति दिन्छन् तर श्रम प्रवासनका क्रममा काम गर्दा हुने सामान्य चोटपटक वा अन्य खालका हानि-नोक्सानीमा क्षतिपूर्ति दिने व्यवस्था छैन।

मानव बेचबिखन र ओसारपसार (नियन्त्रण) ऐन २०६४ (यसपछि बेचबिखन ऐन भनिएको) पनि प्रवासी कामदारको सन्दर्भमा जघन्य शोषण हुँदा कसरी अभियोग लगाउने भन्ने कुरामा स्पष्ट छैन। ऐनले गम्भीर खालका शोषणका घटनालाई समावेश गरे तापनि यसको दायरा अन्तर्राष्ट्रिय कानुनको भन्दा पनि साँघुरो छ।

बेचबिखन ऐन अन्तर्गत 'बेचबिखन' यौन शोषण वा वेश्यावृत्ति (दफा ४(१)) मा मात्र सीमित छ। यसले प्रवासी कामदारलाई जबर्जस्ती वेश्यावृत्तिमा लगाइएमा वा यौन शोषण गरिएमा मात्र समेट्छ अन्यथा सम्बोधन गर्दैन।

विस्तृत रूपमा 'मानव ओसारपसार' मा व्यक्तिलाई गलत सूचना दिएर लग्ने, जबर्जस्ती, दबाब वा 'शोषण' (दफा ४(२)) को मनसायले लग्ने पर्दछन्। तर शोषणलाई 'मानवलाई दासता वा बँधुवाको रूपमा राख्नु' मा सीमित गरिएको छ। यो संयुक्त राष्ट्रसंघ (युएन) को परिभाषाभन्दा धेरै संकुचित छ। युएनले 'शोषण' लाई 'न्यूनतममा' वेश्यावृत्ति र अन्य खालका यौन शोषण, बाध्यात्मक मजदुर, दासत्व वा दासत्व जस्तै अभ्यास र बँधुवा (आर्टिकल ३(ए)) भनेको छ। यो प्रवासी कामदारलाई त्यो बेला मात्र लागू हुन्छ जब उनीहरूले आफूलाई दास वा बँधुवाको रूपमा राखेको प्रमाणित गर्न सक्छन् जुन धेरै नै उच्च तहको बन्देज हो।

बेचबिखन ऐनले 'मानव ओसारपसार' लाई कम दर्जाको अपराध मानेको छ र जरिवाना पनि 'बेचबिखन' भन्दा कम गरेको छ। क्षतिपूर्तिका बारे वा अन्य उपचारका बारे वा बेचबिखन ऐन अन्तर्गत सहयोगको कुरा आउँदा बाध्यात्मक मजदुर वा अन्य खालका श्रम शोषणका पीडितहरूलाई यसले समेट्दैन। किनभने 'पीडित' को परिभाषामा 'बेचिएको, ओसारिएको वा वेश्यावृत्तिमा लगाइएको' भन्ने छ (दफा २(ग))।

बेचबिखन ऐनको प्रयोगमा पनि सीमितता छ। यौन शोषण नभएसम्म विभागका अधिकृतहरूले श्रम प्रवासनमा पनि बेचबिखन हुन्छ भन्ने कुराको पहिचान गरेका छैनन्। देशभित्र वा बाहिर हुने श्रम शोषणलाई प्रहरीले पनि सम्बोधन गरेको छैन। सन् २०११ देखि जुलाई २०१२ का बीचमा मानव बेचबिखनका ११८ वटा घटना नेपाल प्रहरीले दर्ता गरेको थियो। यसमा सबैजसो जबर्जस्ती यौन पेसामा लगाइएको भन्ने थियो। श्रम शोषण सम्बन्धी कुनै पनि अभियोग लगाइएको थिएन। बेचबिखन ऐनमा भएको प्रावधानहरू यौन बेचबिखनसँग मात्र सम्बन्धित छ भन्ने अफवाह रहेको छ र यस ऐन अन्तर्गत दाबी गर्न चाहने व्यक्तिलाई पनि निरुत्साही बनाइन्छ।

### मजदुरहरूलाई हुने शोषणको अनुसन्धान र मुद्दाहरू निर्धारण गर्ने संयन्त्रहरूबीचको सीमित सामञ्जस्यताले गर्दा न्यायसम्मको पहुँचमा बाधा पुगेको छ

वैदेशिक रोजगार ऐन २०६४ र बेचबिखन ऐन एकापसमा फरक छन् र कुनै एकमा मात्र मुद्दाहरू चलाउन सकिन्छ। संयन्त्रहरू एकापसमा परिपूरक नभएकाले व्यवहारमा पनि आएको छैन। वैदेशिक रोजगार ऐन अन्तर्गतका गुनासाहरूको मुद्दा ऐन आफैंले व्यवस्था गरेको विशेष संयन्त्र वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार न्यायाधीकरण मार्फत हुन्छ। बेचबिखन ऐन अन्तर्गतका मुद्दाहरू प्रहरीद्वारा जिल्ला अदालतमा दर्ता गरिन्छ। ऐनले अर्को संयन्त्रमा मुद्दा पठाउने प्रक्रिया र मापदण्ड बनाएको

## मानव बेचबिखन सम्बन्धी पाँचवटा तथ्यहरू

१. महिला, पुरूष, बालबालिका जोकोही पनि – बेचबिखन पीडित हुन सक्छन् ।

२. मानिस धेरै खालका उद्योग/व्यवसायमा बेचिन सक्छन् । केही उदाहरणहरूमा – निर्माण, सरसफाइ, आतिथेय, कारखानाको काम र घरेलु काम । बेचबिखन यौन व्यवसाय वा वेश्यावृत्तिमा मात्र सीमित हुँदैन ।

३. कुनै व्यक्तिलाई जबर्जस्ती वा छलकपट गरी शोषण भएमा बेचबिखन हुन्छ । शोषण धेरै खालका हुन सक्छन् । अन्तर्राष्ट्रिय परिभाषामा यौन शोषण, बाध्यात्मक मजदुर, दासत्व, बँधुवा र अंग निकाल्ने जस्ता बेचबिखन अन्तर्गत पर्दछन् ।

४. प्रवासी कामदार बाध्यात्मक श्रम गर्नुपर्ने र बेचबिखनको जोखिममा छन् किनभने उनीहरु नेपालमा दिइएका वचनमा निर्भर छन् र यसको सत्यता पत्ता लगाउने क्षमता अति कम छ । यात्रा गर्न उनीहरूले प्रायःजसो ठूलो धनराशि ऋण स्वरूप लिएका हुन्छन् र गन्तव्यमा पुगेपछि उनीहरूसँग रोजगारदाता परिवर्तन गर्न सक्ने वा आफ्नो अवस्थाका बारेमा बोल्न सक्ने क्षमता एकदमै थोरै हुन्छ ।

५. व्यक्ति बाध्यात्मक श्रममा परे नपरेको उसको अवस्थामा भर पर्दछ । उसले तलब नपाएको, कागजात जफत गरेको, हिंड्डुल गर्न नदिएको (श्रम शिविर वा घरमै बन्धक बनाइएको), फुर्सद नदिएको, ऋणको फन्दामा पारेको र शारीरिक, मानसिक, यौनिक वा भावनात्मक दुर्व्यवहारलाई कारकका रूपमा लिन सकिन्छ ।

छैन र विभाग तथा प्रहरीबीच गम्भीर खालका श्रम शोषणमा मिलेर काम गर्ने अवस्था छैन । सूचनाको आदानप्रदान गर्ने काम पनि सीमित मात्रामा हुन्छ ।

वैदेशिक रोजगारमा हुने गम्भीर खालका शोषणका मुद्दाहरूलाई कसरी प्रबन्ध गर्ने भन्ने कुरा दुवै ऐनमा स्पष्ट छैन । कानुनविद्हरू बेचबिखनका मुद्दाहरू प्रहरीलाई हस्तान्तरण गर्नुपर्ने बताउँछन् तर कुन चाहिं मुद्दा पठाउनुपर्ने भन्ने पहिचान हुन सकेको छैन । प्रहरीले सामान्यतयाः श्रम प्रवासनका मुद्दा विभागलाई हस्तान्तरण गर्ने गरेको छ । उनीहरूले बेचबिखन सम्बन्धी अनुसन्धान गर्नुपर्ने हो तर वैदैशिक रोजगार सम्बन्धी सबै खालका मुद्दाहरू हेर्ने अधिकार विभागलाई मात्र छ भन्ने भान उनीहरूलाई छ ।

अप्ठ्यारो अझ केमा छ भने मृत्यु र अपांगता सम्बन्धी मुद्दाहरूलाई त झन् वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड (वैदेशिक कल्याणकारी कोषमा पठाइन्छ) र निजी बिमा कम्पनीमा पठाइन्छ । दुवैले क्षतिपूर्ति त दिन्छन् तर दोषी नेपालमै भए तापनि मृत्यु वा अपांगताको कारणका बारेमा अनुसन्धान गर्दैनन् ।

**अनियमित हैसियत भएका कामदार र महिला प्रवासी कामदारहरू शोषण र बेचबिखनको जोखिममा अझ बढी छन् र न्यायसम्मको पहुँचमा ठूलो बाधा छ ।**

वैदेशिक रोजगार ऐन, अनियमित हैसियत भएका प्रवासी कामदारका अधिकारका बारेमा मौन छ । यद्यपि अनियमित हैसियत हुनुमा अर्कैको दोष हुन्छ र यो बेचबिखनका घटनाहरूमा अझ बढी छ । सैद्धान्तिक रूपमा भन्ने हो भने अनियमित तरिकाले नेपाल बाहिर जाने प्रवासी कामदारहरूको पहुँच वैदेशिक रोजगार कल्याणकारी कोषमा बाहेक अन्य उपचार संयन्त्रमा बराबरी हुनुपर्ने हो तर व्यवहारमा भने अनियमित हैसियत भएका प्रवासी कामदारहरूको न्यायमा पहुँच छैन किनभने दाबी गर्न चाहिने प्रमाणहरू जस्तो भर्पाइ र सम्झौतापत्र उनीहरूसँग हुँदैन । उपचार संयन्त्र र क्षतिपूर्तिमा पहुँच नहुनुका कारण उनीहरू झनै बाध्यात्मक श्रम, ऋणको कुचक्र र मानव बेचबिखनमा पर्ने सम्भावना बढी हुन्छ ।

युवतीहरूलाई खाडी मुलुकमा जान बन्देजका कारण उनीहरू झन् असुरक्षित प्रवासको बाटो जस्तो तेस्रो देशबाट वा जाली कागजपत्रबाट यात्रा गर्न बाध्य छन् । अनियमित हैसियत भएका प्रवासी कामदारहरूमा महिलाहरूको अनुपात बढी छ जसले गर्दा उनीहरू बेचबिखनमा र गम्भीर खालका श्रम शोषणमा पर्ने जोखिमतालाई बढाउँछ । यसले उनीहरूको अधिकार हनन हुँदा न्याय खोज्न सक्ने क्षमतालाई पनि सीमित गर्दछ । महिला प्रवासी कामदारहरूले भोगेका समस्या, बाधा, उपचारको संयन्त्रका बारेमा अझ बढी अध्ययन हुनुपर्दछ । यस्तै गरी मानव बेचबिखनमा परेका महिला कामदारहरूले सामना गरिरहेका मातृ तथा शिशु स्वास्थ्य र उपचारका संयन्त्रका बारेमा पनि वैदेशिक रोजगार ऐनले बोलेको छैन ।

## ३. निष्कर्ष र सिफारिसहरू

वैदेशिक रोजगार ऐन २०६४ को कामदार पठाउने कम्पनी र प्रस्थान पूर्वका तयारी सम्बन्धी नियमावलीहरूले श्रम बेचबिखन र ऋण बन्धकबाट हुने हानिलाई केही मात्रामा सम्बोधन गरेको छ । उदाहरणका लागि, यसले भर्ना शुल्कमा सीमा, सम्झौतापत्रको आवश्यकता र म्यानपावर कम्पनीको इजाजतको आवश्यक्तालाई स्थापित गरेको छ । यद्यपि, प्रवासी कामदारहरू माथि कार्यस्थलमा हुने श्रम शोषण र दुर्व्यवहार रोक्न कानुनी र संरचनागत सुधार हुनु जरूरी छ । यस्तै गरी कामका लागि यात्रा गर्ने

आफ्ना नागरिकहरूको मानव अधिकारको संरक्षण र अन्तर्राष्ट्रिय मानव अधिकारको पालना गर्ने सुनिश्चितता नेपालले गर्नुपर्छ। लेखकहरू निम्न सिफारिस गर्दछन्ः

१. **सरकारले गम्भीर दुर्व्यवहार, शोषण, ऋण बन्धक वा बेचबिखनमा परेका कामदारहरूलाई संरक्षण गर्ने खालका र अन्तर्राष्ट्रिय सर्तहरू समेत पालना हुने किसिमको उपचार संयन्त्रको व्यवस्था गर्नुपर्छ।**

- व्यवस्थापिकाले वैदेशिक रोजगार ऐन २०६४ अन्तर्गत नयाँ प्रावधान राखेर गम्भीर खालका क्षति पुऱ्याउनेलाई समुचित दण्ड जरिवानाको व्यवस्था गर्नुपर्छ र उनीहरूलाई क्षति पुगेका मानिसप्रति जवाफदेही बनाउन तथा क्षतिपूर्ति यकिन गर्न उजुरी प्रक्रियाको व्यवस्था गर्नुपर्छ।
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनलाई संशोधन गरी सबै किसिमको श्रम बेचबिखनमा स्पष्ट रूपमा प्रतिबन्ध लगाउने र हर्जाना दिनुपर्ने व्यवस्था गर्नुपर्छ। यसो गर्दा मानव, खास गरी महिला र बालबालिकाको बेचबिखन रोकथाम, दमन र सजाय सम्बन्धी राष्ट्रसंघीय प्रोटोकलको परिभाषासँग मिल्दो बनाउनुपर्छ।
- विभाग र प्रहरीले नागरिक समाज, कानुनवेत्ता र श्रम शोषण तथा बेचबिखन सम्बन्धी विज्ञहरूको सरसल्लाहमा कुन मुद्दा विभागले हेर्ने वा न्यायाधीकरणले हेर्ने वा बेचबिखन ऐन अन्तर्गत प्रहरीकहाँ पठाउने भन्ने निर्धारण गर्नका लागि मूलपत्र तयार गर्नुपर्दछ।
- विभागले क्षतिपूर्ति सम्बन्धी निर्देशिका तयार गर्नुपर्छ जसले कम तलबसँग सम्बन्धित मात्र होइन स्वास्थ्य सम्बन्धी खर्चको भुक्तानी, शारीरिक र मानसिक दुःखका साथै क्षतिपूर्ति दाबी गर्दा कामदारले गर्नुपरेको उचित खर्च भराउने जस्ता विषय पनि समेट्नुपर्छ।
- सरकारले कल्याणकारी कोष वा निजी बिमा कम्पनी अन्तर्गतको क्षतिपूर्तिको दायरा (जस्तो औषधी उपचार खर्च वा विभिन्न खालका चोटपटक वा गम्भीर दुर्व्यवहार) लाई बढाउनुपर्छ।

२. **व्यवस्थापिका र सरकारले अनियमित हैसियतका तथा श्रम शोषण र बेचबिखनको जोखिममा पर्न सक्ने महिला प्रवासी कामदारले समेत अधिकार र उपचार पाउने व्यवस्था गर्नुपर्छ।**

- अनियमित हैसियतका कामदारहरूलाई पनि वैदेशिक रोजगार ऐन २०६४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन अनुसार सबै खालका श्रम शोषण हुँदा वा बेचबिखनमा पर्दा क्षतिपूर्ति र जवाफदेहीको अधिकारको सुनिश्चितता हुनुपर्छ।
- महिला प्रवासी कामदारहरूले श्रम शोषण, दुर्व्यवहार र बेचबिखनमा परेको दाबी गर्दा आवश्यक सहयोग र क्षतिपूर्ति तथा अन्य खालका उपचार सम्बन्धी अधिकारको सुनिश्चिता हुनुपर्छ। उदाहरणका लागि, वैदेशिक रोजगार सूचना केन्द्र र अन्य सेवा मार्फत सूचनाको सुनिश्चितता गर्ने (जस्तै, कामदारका हैसियतमा उनीहरूले पाउने अधिकार, नेपाल र विदेशमा रहँदा आपत परेमा सहयोग माग्नका लागि सम्पर्क फोन नम्बर आदि)। कामबाट फर्केका महिलालाई गोप्य, निःशुल्क र ऐच्छिक स्वास्थ्य जाँचको सेवा उपलब्ध गर्नुपर्छ। महिलाले विभागमा दिएका गम्भीर खालका उजुरी हेर्न र अन्य सान्दर्भिक सेवासँग जोड्नका लागि विभागले महिला डेस्क स्थापना गर्नुपर्छ।
- विभाग, न्यायाधीकरण र कल्याणकारी कोषले महिला र पुरुषको अलगअलग आँकडा राख्नुपर्छ र आफ्ना निकायमा महिलाका उजुरी कसरी हेरिएको छ भन्ने कुराको विश्लेषण गर्नुका साथै उनीहरूले न्यायमा पूर्ण र समान पहुँच पाए/नपाएको यकिन गर्नुपर्छ।

३. **जोखिममा रहेका जनसंख्याको आवश्यकता पूरा गर्न र ज्ञान तथा स्रोत र पैरवीको समन्वय गर्न नेपालका सबै साझेदारहरूले सहकार्य गर्नुपर्छ।**

मानव अधिकार, श्रम प्रवासन र मानव बेचबिखनमा काम गर्ने नागरिक समाज, युनियन र अन्तर्राष्ट्रिय दातृ निकायहरूले तालिम, रणनीति र अन्य खालका पैरवीका माध्यमबाट प्रवासी कामदारहरूले भोगिरहेका दुर्व्यवहार, पूर्व प्रस्थानमा हुने समस्या आदिको निराकरणका लागि सहकार्य गर्नुपर्छ। उनीहरूले गम्भीर खालका श्रम शोषणमा परेका प्रवासी कामदारको पहुँच अदालत र क्षतिपूर्तिसम्म पुऱ्याउन मिलेर काम गर्नुपर्छ।

४. **प्रवासी कामदारहरूलाई श्रम शोषण र बेचबिखनबाट रोक्ने र जिम्मेवार निकायहरूलाई जवाफदेही बनाउने संयुक्त राष्ट्रसंघ र आईएलओका महासन्धिहरूलाई अनुमोदन गर्नुपर्छ। यी सन्धिहरू यसप्रकार छन्ः** सबै प्रवासी कामदार र तिनका परिवारका सदस्यको अधिकारको संरक्षण गर्ने राष्ट्रसंघीय महासन्धि, आईएलओको घरायसी कामदार महासन्धि (१८९) र मानव खास गरी महिला र बालबालिकाको बेचबिखन रोकथाम, दमन र सजाय सम्बन्धी राष्ट्रसंघीय प्रोटोकल।

Centre for the Study of Labour and Mobility

UNSW Law

**सेन्टर फर द स्टडी अफ लेबर एन्ड मोबिलिटी**

सेन्टर फर द स्टडी अफ लेबर एन्ड मोबिलिटी (सेस्लम), सोशल साइन्स बहा:, काठमाडौं अन्तर्गत स्थापित अनुसन्धान केन्द्र हो । यसका प्रारम्भिक उद्देश्यहरू निम्न छन् : अनुसन्धानका माध्यमद्वारा श्रम र गतिशीलता सम्बन्धमा व्यापक सैद्धान्तिक तथा नयाँ अवधारणा स्थापित गराउने; नीति सान्दर्भिक र भरपर्दो अनुसन्धानका माध्यमद्वारा श्रमजीविलाई असर पार्ने महत्त्वपूर्ण नीतिगत विषयमा वैकल्पिक नीति तयार गर्ने; श्रम र प्रवासीकरणका प्रभाव सम्बन्धमा तथा प्रवासी कामदारहरूको हक, अधिकार र दायित्व सम्बन्धमा समग्र रूपमा मानिसहरूको बुझाइमा सुधार ल्याउने; श्रम, गतिशीलताबारेमा प्राज्ञिक, नीतिगत तथा सार्वजनिक बहसका लागि मञ्च तयार गर्ने ।

**न्यायसम्म कामदारको पहुँच**

न्यायसम्म कामदारको पहुँच आयोजना अस्ट्रेलिया, अमेरिका, इन्डोनेसिया र नेपालका विज्ञहरूको अनुसन्धानमूलक सहकार्य हो । यस परियोजनाले प्रवासी कामदारहरूको अधिकारको संरक्षणमा सुधार ल्याउन र अधिकारबाट वञ्चित भएका कामदारहरूलाई क्षतिपूर्ति भराउने कुरा सुनिश्चित गर्नका लागि कम ज्याला पाउने श्रम प्रवासनलाई नियमित गर्ने कानुनी व्यवस्थाको समीक्षा गर्नुका साथै बलियो बनाउने काम गर्दछ ।

**सेन्टर फर द स्टडी अफ लेबर एन्ड मोबिलिटी** (CESLAM)
सोशल साइन्स बहा:, ३४५ रामचन्द्र मार्ग, बत्तीसपुतली, काठमाडौं - ९, नेपाल
फोन नं. ९७७-१-४४७२८०७ • info@ceslam.org • www.ceslam.org
पो.ब.नं. २५३३४, काठमाडौं, नेपाल

यो प्रकाशन ओपन सोसाइटी फाउन्डेसन्स्, न्युयोर्कको सहयोगमा गरिएको हो ।